संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
वार्षिक, अर्द्धवार्षिक वा त्रैमासिकमा ७५ प्रतिशतसम्म छुट छ ।
सम्पर्कः ९८५२८३५८८८

■ बर्ष-१६, ▸▸ अंक २९७ ▸▸ जेठ ३ सोमबार,२०७८, May - 17 Monday, 2021, यलेदुङ किरात सम्वत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. २५/- www.majhkharka.com



**एम्बुलेन्सको ओहोरदोहोर** । उदयपुरमा बाढ्दो कोविड संक्रमणले चौदण्डीगढी ६ सातधारे बेलटारस्थित उदयपुर कोविड अस्पतालमा आईतबार विरामी ल्याएका एम्बुलेन्सहरु । *तस्बिर सभार- नेत्र विकको फेसबुक*

## ४१ थान सिलिण्डर अस्पताललाई

❖ मुलुकी संवाद्दाता

*उदयपुर, जेठ २*

देशभरका अस्पतालहरुमा अक्सिजन अभावले अकालमा कोविड संक्रमितको ज्यान गईरहेका बेला उदयपुर अस्पताललाई ४१ थान सिलिण्डर प्राप्त भएको छ। जिल्ला प्रहरी कार्यालय उदयपुरले बिभिन्न व्यक्तिहरुबाट संकलन गरेको सिलिण्डर अस्पताललाई बुझाएको हो ।

प्रहरीले आईतबार २४ थान खाली र १७ थान अक्सिजन भरिएका सिलिण्डर जिल्ला अस्पताललाई बुझाएको जनाएको छ। बजारका बिभिन्न ठाउँबाट संकलन गरेर अस्पताललाई बुझाइएको प्रहरीले जनाएको छ ।

कसैसँग खाली वा भरी अक्सिजन सिलिण्डर भए अस्पताललाई बुझाउन सरकारले गरेको निर्देशन अनुसार बिभिन्न व्यक्ति तथा संस्थाबाट ती सिलिण्डर संकलन भएको हो ।

उदयपुर अस्पतालमा दिनदिनै संक्रमितको संख्या बढ्दै गएपछि अक्सिजनको अभाव हुन नदिन जिल्ला अस्पताल र जिल्ला कोविड शंकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी)ले प्रयास गरिरहेको छ। यही क्रममा व्यक्ति र संस्थासँग भएका खाली तथा भरी सिलिण्डरको संकलन गरेर अस्पताललाई बुझाइएको प्रहरी प्रमुख एसपी भीमबहादुर दाहालले बताए ।

यो सँगै उदयपुर अस्पतालमा अक्सिजनको समस्या हाललाई टरेको छ। अस्पतालसँग २५ थान सिलिण्डर यसअघि थियो । जसबाट अस्पताल भनाई भएर उपचाररत ***बाँकी २ पेजमा***

## उदयपुरमा एकैदिन ५ को ज्यान गयो

# ३९७ मा संक्रमण, २३ जना निको भए

❖ मुलुकी संवाद्दाता

*उदयपुर, जेठ २*

उदयपुरमा तिब्रगतिमा बढ्दै गरेको कोविडका कारण एकैदिन ५ जनाको ज्यान गएको छ । आईतबार विहान ४ जनाको मृत्यु भएकोमा सँझ अर्को एक संक्रमितको मृत्यु भएको हो ।

साँझ मृत्यु हुनेमा त्रियुगा नगरपालिका १ जोगीदहका ३५ वर्षीय पुरुष संक्रमित रहेको बताइएको छ। संक्रमित भएर घरमै आईसोलेसनमा रहेका उनलाई अचानक स्वास्थ्य अवस्था गम्भीर भएपछि बेलटारस्थित उदयपुर कोविड अस्पताल लगिएकोमा साँझ मृत्यु भएको हो ।विहान पनि एक संक्रमितको बेलटारको कोविड अस्पतालमा मृर्तु भएको थियो ।



अन्य ३ जनाको बिराटनगर र झापामा मृयु भएको हो ।त्रियुगा नगरपालिका १० का ६३ वर्षीय पुरुषको त्यहाँ मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। त्रियुगा १२ का ४५ वर्षीय, त्रियुगा ३ का ४८ वर्षीय र चौदण्डीगढी ५ का ५६ वर्षीय पुरुषको पनि आईतबारैमृत्यु भएको हो । जिल्ला स्वास्थ्य प्रमुख मोहन सुबेदीका अनुसार त्रियुगा नगरपालिका त्रियुगा ३ का संक्रमित ४५ वर्षीय पुरुषको झापामा मृत्यु भएको हो भने त्रियुगा १२ का ४८ वर्षीय संक्रमितको बिराटनगरस्थित नोबल अस्पतालमा मृत्यु भएको छ। त्यस्तै चौदण्डीगढी ५ का ५६ वर्षीय संक्रमितको पनि अस्पतालमा मृत्यु भएको सुबेदीले बताए ।

सुबेदीले यो सँगै उदयपुरमा कोविडबाट मृत्यु हुनेको संख्या ३ महिलासहित ११ पुगेको बताए । यसअघि ३ महिलासहित ७ जनाको मृत्यु भईसकेको ***बाँकी ४ पेजमा***



*४१ थान...*



५ जनामध्ये ३ जना संक्रमितलाई अक्सिजन दिएर उपचार भईरहेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट (मेसु) डा. जीवनारायण मण्डलले बताए ।

चौदण्डीगढी ६ को बेलटारस्थित उदयपुर कोविड अस्पतालमा १२ थान, बेलटार नगर अस्पतालमा १० थान, लिमचुङको बाराहास्थित गाउँ अस्पतालमा ५ थान र कटारी नगरपालिकामा ३ थान सिलिण्डर पनि मौज्दात रहेको जनाइएको छ । त्यसबाहेक नीजि अस्पतालहरुमा पनि धेरथोर अक्सिजन सिलिण्डरको जोहो रहेको जिल्ला अस्पतालले जनाएको छ ।

# काठ फिर्ता गरिएको सूचना

**श्री महंकाली सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २ मिति: २०७६।४।७ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | ३२ | ४२१.२० | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री नवदिप सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. मिति: २०७६।४।१० गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | ३० | २३२.८८ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं.९७ मिति: २०७६।१०।२८ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | ७ | साल | २५ | २३२.८० | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री सुनाखरी सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २५ मिति: २०७६।४।९ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २६ | २५१.६६ | आ.व. २०७६।७७ को लट |

**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# काठ फिर्ता गरिएको सूचना

**श्री शिवशक्ति सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १४, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७५।७६ मा संकलन गरी घाटगद्धीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. २४ मिति: २०७६।४।९ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २१ | २९४.६३ | आ.व. २०७६।७७ को लट |


**श्री डिभिजन वन कार्यालय**
गाईघाट, उदयपुर

# गाउँगाउँमा कोविड फैलदै

❖ मुलुकी संवाददाता

*गाईघाट, जेठ २*

यसवर्ष उदयपुरमा सहरमा मात्र नभई गाउँमासमेत उत्तिकै संक्रमित भेटिएका छन् । गतवर्ष संक्रमितरहित देखिएको पहाडी गाउँपालिका लिमचुङबुङमा यसवर्ष एकसातामा ८ जना संक्रमित भेटिएका छन् ।



उनीहरुमध्ये १ पुरुष बेलटारस्थित कोविड अस्पतालमा उपचार भईरहेकोमा आईतबार पिसिआर रिपोर्ट नेगेटिभ आएको छ । अन्य संक्रमितमध्ये ३ महिलासहित ७ जनाको गाउँपालिका केन्द्र बाराहास्थित गाउँ अस्पतालमा उपचार भईरहेको छ । गाउँपालिकाका सूचना अधिकारी ताराकिरण राईका अनुसार सबै संक्रमित वडा नं. १ को एउटै गाउँमा हुन् ।

संक्रमित बढ्न थालेपछि गाउँपालिकाले गाउँ अस्पतालमै राखेर व्यवस्थित उपचार गर्ने काम थालेको छ । १० बेडको अस्पतालमा अक्सिजन सिलिण्डर र अक्सिजन कन्सन्ट्रेटर (वरिरिको हावाबाट आवश्यक अक्सिजन संकलन गरेर बिरामीलाई दिने) उपकरणको व्यवस्था गरेर उपचार थालेको लेखा अधिकृतसमेत रहेका सूचना अधिकारी राईले बताए ।

अस्पतालका स्वास्थ्य सहायक कर्णशेर राईले संक्रमित सबैको स्वास्थ्य अवस्था सुधार भईरहेको बताए । उनका अनुसार बिराटनगर पुगेर अस्पताललाई चाहिने ५ थान अक्सिजन सिलिण्डर गाउँपालिकाले खरिद गरेर उपचार सुरु गरेको छ । अक्सिजन कन्सन्ट्रेटर पनि तत्काल खरिद गरेर सञ्चालनमा ल्याउने तयारी भएकाले संक्रमितलाई गाउँमै पनि उपचार गर्न सहज भएको छ ।

## गाईघाटमा आजको तरकारी मूल्य (प्रति किलो)



१, लटटे साग रु ४०
२, अदुवा रु १२०
३, टमाटर रु ३०
४, बन्दा रु ४०
५, भेन्टा रु ४०
६, खुर्सानी रु १२०
७, मुला रु ४०
८, पर्बल रु ८०
९, तितेकरेला रु ६०
१०, भिन्डी रु ६०
११, च्याउ रु २००
१२, फुलकोबी रु १००
१३, फर्सि रु ३०
१४, कटहर रु ६०
१५, काका रु ३०
१६, धनियाँ रु १००
१७, लोकलबोडि रु ६०
१८, खर्बुजा रु ४०
१९, रायो साग रु ८०
२०, प्याज नयाँ रु ४०
२१, प्याज पुरानो रु ५०
२२, आलु सेतो रु ३०
२३, आलु रातो रु ४०

***नोट:*** *तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ ।*

## काठ फिर्ता गरिएको सूचना

**श्री डुकुरसिंह सामुदायिक वन उपभोक्ता समूह**
त्रियुगा नगरपालिका १६, उदयपुर

त्यस समूहले आर्थिक वर्ष २०७३।७४ मा संकलन गरी घाटगद्दीमा राखेको गोलीया काठ जिल्ला वन पैदाबार आपुर्ति समिति उदयपुरलाई छुट्याई सो बमोजिम यस कार्यालयको च नं. ३ मिति: २०७६।४।१२ गतेको पत्रबाट लिलाम सहमति भएकोमा समूहको माग तथा जिल्ला वन पैदावार आपुर्ति समिति उदयपुरको आ.व. २०७७।७८ को स्वीकृत कार्ययोजना बमोजिम जि.व.पै.आ.स.उदयपुरका लागि त्यस समूहले छुट्याएका तपसिल बमोजिमको जात, लट, थान र परिमाणका गोलीया काठहरु समूहभित्र आन्तरिक खपत गर्नका लागि फिर्ता गरिएको व्यहोरा अनुरोध छ ।

*तपसिल:*

| सि.नं. | लट नं. | काठ सम्बन्धी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जात | थान | परिमाण (क्यु.फि.) | |
| १ | १ | साल | २१ | २०८.११ | आ.व. २०७६।७७ को लट |

श्री डिभिजन वन कार्यालय
गाईघाट, उदयपुर




डिभिजन वन कार्यालय
गाईघाट, उदयपुर

"रुख बिरुवा रोपौं, वन जोगाऔं,
हरियाली बचाऔं,
जलवायु परिवर्तन हुनबाट रोकेर
सम्पूर्ण मानव सभ्यताको
रक्षा गरौं ।"

फडिन्द्र पोखरेल
डिभिजन वन अधिकृत





## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसँगै जोडिएको ।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*



हामी स्थानीय हौ,
स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !




## उदयपरमा...

थियो । वैशाख ५ गते त्रियुगा ६ की ३४ वर्षीया महिलाको मृत्यु भएको थियो भने त्यसपछि कटारी ४ की ८३ वर्षीया बृद्धा, त्रियुगा ५ की ५५ वर्षीया महिलाको उपचारको क्रममा बिराटनगरमा मृत्यु भएको थियो । त्रियुगा ८ का एक ५० वर्षीय पुरुष र चौदण्डीगढी ५ र ६ का ५५ र ७० वर्षीय पुरुषको मृत्यु भएको थियो ।

उदयपुरमा आईतबार मात्र १९ संक्रमित थपिएका छन् । यो सहित उदयपुरमा संक्रमित संख्या १ सय ६८ महिलासहित ३ सय ९८ पुगेको छ । आईतबार कोविड अस्पतालमा १३ नयाँ र १४ उपचाररतको फलोअप परीक्षण गर्दा २ महिलासहित ७ जना संक्रमित भेटिएका छन् । बाँकीलाई जिल्ला अस्पताल र अन्य स्वास्थ्य संस्थामा परीक्षण गर्दा संक्रमित पुष्टि भएका हुन् ।

नयाँ संक्रमितहरु त्रियुगा नगरपालिकका ८ माहिलासहति १०, चौदण्डीगढीका ३ महिलासहित ६ र रौतामाईका २ पुरुषमा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलले बताए । उनका अनुसार त्रियुगामा सबभन्दा बढी ७९ महिलासहित १ सय ९७ संक्रमित पुगेका छन् भने बेलकामा ३८ महिलासहित ६६ पुगेका छन् । चौदण्डीगढीमा २७ महिलासहित ५९ र कटारीमा १४ महिलासहित ३५ जनामा संक्रमण पुष्टि भएको छ ।

त्यस्तै रौतामाई गाउँपालिकामा ३ महिलासहित १५, लिमचुङबुङ गाउँपालिकामा ३ महिलासहित ८, उदयपुरगढी गाउँपालिकामा ३ महिलासहित ७ र ताप्ली गाउँपालिकामा १ महिलामा संक्रमण देखिएको लुईटेलले बताए । हालसम्म निको हुनेको संख्या २३ पुगेको स्वास्थ्यले जनाएको छ । कोविड अस्पतालमा मात्र ९ जनाले कोरोना परास्त गरेका छन् । १२ जना संक्रमणमुक्त भएकोमा अस्पतालमा उपचाररत ५ महिलासहित ९ र होम आईसोलेसनमा रहेका १ महिलासहित ३ जना रहेको नगर स्वास्थ्य प्रमुख पोखरेलले बताएका छन् ।







त्रिपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
सम्पर्कः– ९८४२९७५८७७, ९८१९७३८६८३
*यहाँ अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्री गरिन्छ । पानी, थुक्पा, ससे, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



सस्तोमा गिफ्टका सामान र गुडीया
यहाँ गुडीया बनाउने तालिम पनि दिइन्छ



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम (प्रशिक्षण) पनि दिइन्छ ।

## खुवालुङ गुडीया सप्लायर्स

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड
प्रोपाईटर :- एनुका राई
*सम्पर्क :- ९८१५७७१०५२*



## पालिकाबासीलाई विशेष अनुरोध

१. गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसाय गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यवसायिकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागि बनौं ।
९.किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

**ताप्ली गाउँपालिका**
**रूपाटार, उदयपुर**



माझखर्क साप्ताहिकको सह प्रकाशन...
मुलुकी दैनिक

प्रकाशक/संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट